# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु. नं. १२३/०७३/७४

निर्णय नं. १२४

जिल्ला बारा, कलैया नगरपालिका-२०, सर्फुल्लाह अंसारी ................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रे ....................१ } विपक्षी
सूचना अधिकारी, बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रे ....................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला बारा, कलैया नगरपालिका-२०, सर्फुल्लाह अंसारीले बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रे समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०४।१६ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रेको नाममा मिति २०७३।०४।२१ मा आदेश गरिएको । उक्त आदेश कार्यान्वयनको लागि यस आयोगको च. नं. २३२ मिति २०७३।०४।२८ को पत्र मार्फत लेखी गएको । आयोगको आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएकोले बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रेका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले मिति २०७३।०६।१७ मा पुन: उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रेले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०४।२१ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी बालमैत्री अपाङ्ग अस्पताल (एचआरडिसी), बनेपा, काभ्रेको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर ०३ गते रोज ६ शुभम् ।